# कस्तो कस्तो हुन्छ

मेरो देश रुन्छ आज मलाई कस्तो कस्तो हुन्छ
थामेर थामिन्न यो बलिन्द्र आँसु बगिरहन्छ बगिरहन्छ

प्रियतम आगमनको आशामा बाटो भरी छाइरहेका आँखाहरू
दशैमा नयाँ कपडा लगाई बाबा सँग रमाउने कोमल चाहानाहरू
जयन्ती मंगलाकालीको शब्दोचारण गर्दै शुभाशीष दिने बृद्ध आकांक्षाहरू
सुन्दर संसार नै टेक्न नपाइ गर्भमा तुहिएको बालक जस्तै तुहिदा
मेरो देश रुन्छ मलाई कस्तो कस्तो हुन्छ

भाइको प्रतिक्षामा बसेका सयपत्री र मखमली बोटमै ओइलाइ रहेछन
निधार सजिने अभिलाशा लिएर रंगिएका सप्तरंगी टिका थालीमै रंगबिहिन बनीरहेछन
देउशी र भैलोमा गुञ्जीने मादल र बाँसुरीको आवाज बम र बारुदको आवाजले भ्रीनो तुल्याइरहेछ
अहिंशाबादी बुद्धको घर आँगनमा आज नरमेधको चीत्कार सुन्दा
मेरो देश रुन्छ मलाई कस्तो कस्तो हुन्छ

कुनै दिन छैन जुन दिन कुनै मानिस अकालमा नमरेको होस
शुरक्षा फौज, आतङ्ककारी, सुराकी अन्य यस्तै यस्तै आरोपमा नपरेको होस
जुनसुकै उपनाम दिइए पनि उ त मात्र सुन्दर शान्त नेपालको नेपाली हो
गरिबै भएपनि आफ्नै पौरख र पसिनामा बाच्ने स्वाभीमानी नेपाली हो
तर आज हरेक नेपालीमा सर्वे भवन्तु सुखीनः सर्वे सन्तु निरामया को भावना मर्दा
मेरो देश रुन्छ मलाई कस्तो कस्तो हुन्छ

मेरो देश रुन्छ आज मलाई कस्तो कस्तो हुन्छ
थामेर थामिन्न यो बलिन्द्र आँसु बगिरहन्छ बगिरहन्छ

कमलाकान्त आचार्य
भीयना बिश्व बिद्यालय
भीयना अष्ट्रिया